**मिति २०७१।१।३० गतेको योजना सुपरीबेक्षण तथा अनुगमन समितिको बैठक निर्णय उतार**

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा व्यवस्था भए अनुसार नगरस्तरिय सुपरीवेक्षण तथा अनुगमन समितिको वैठक समितिका संयोजक तथा नगर प्रमुख श्री टीकादत्त राईको अध्यक्षतामा निम्न उपस्थितीमा बैठक बस्यो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| श्री टीकादत्त राई | – | संयोजक, नगर प्रमुख/कार्यविधि |
| श्री सुरेन्द्र जङ्ग थापा | – | सदस्य, नेपाली काग्रेस |
| श्री अशोक लाल कर्ण | – | सदस्य, सद्भावना पार्टी |
| श्री सरस्वती थारु | – | सदस्य, नेकपा संयुक्त |
| श्री थानेश्वर पौडेल | – | सदस्य, वडा नागरिक मन्च, सि.न.पा. वार्ड नं. ३ |
| श्री सुभद्रा पौडेल | – | सदस्य, वडा नागरिक मन्च, सि.न.पा. वार्ड नं. ४ |
| श्री देवि माया रायमाझी | – | सदस्य, नागरिक सचेतना केन्द्र, सि.न.पा. वार्ड नं. १० |
| श्री गजेन्द्र नाथ शर्मा | – | सदस्य, योजना अधिकृत जिल्ला विकास समिति, रुपन्देही |
| श्री यमलाल पाण्डे | – | सदस्य, ई. सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर |
| श्री ठाकुर कुमार श्रेष्ठ | – | सदस्य, सिद्धार्थनगर उद्योग बाणिज्य संघ, रुपन्देही |
| श्री गिरिश चन्द्र त्रिपाठी | – | सदस्य, उद्योग व्यापार संगठन, रुपन्देही |
| श्री देव प्रसाद ज्ञवाली | – | सदस्य-सचिव, सिद्धार्थनगर नगरपालिका कार्यालय |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | – | बरिष्ठ अधिकृत, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री मधु गौतम | – | ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री जीवन अर्याल | – | ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री मान प्रसाद श्रेष्ठ | – | सव ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय |

**निर्णय नं. १ (एक)**

चण्डी निर्माण सेवाबाट निर्माण गरिएको सि.न.पा. वार्ड नं. ४ को नाला निर्माण गर्दा २५० फिट मापदण्ड बमोजिम नालाको पानी वग्ने भागमा ढुङ्गा, सोलिङ्ग र पि.सि.सि. नभएको भनी द.नं. १८२१२ मिति २०७१।१।२२ को प्राविधिक प्रतिवेदन पर्न आएको र सो भागको कार्य पुन गराउदा कुल लागत रु १,११,४२५।९२ लाग्ने प्राविधिकबाट तयार भएको ल.ई. बाट देखिएकोले सो बराबरको रकम कट्टा गरी सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी दिने र सम्बन्धित निर्माण व्यवसायीलाई सचेत गराउन न.पा. लाई सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

आज मिति २०७१।१।३० मा निम्नानुसारको योजनाहरु अनुगमन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | वार्ड नं. | स्थान | मिति |
|---|---|---|---|
| १ | १ | ज्ञानपथ | २०७१।१।३० |
| २. | २ | सिमापथ | २०७१।१।३० |
| ३. | १३ | श्रद्धापथ | २०७१।१।३० |
| ४. | ७ | सप्तऋषि पथ, वेलबावा पथ र वुद्धपथ | २०७१।१।३० |
| ५. | विभिन्न वडाहरु | सडक प्याचिङ्ग | २०७१।१।३० |